# धनगढीमाई नगरपालिका
## Dhangadhimai Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of The Municipal Executive
धनगढी, सिरहा, प्रदेश नं. २, नेपाल
Dhangadhi, Siraha, Province No. 2, Nepal
www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238


प.सं.(Letter No.): २०७७/७८
च.नं.(Ref.No.):

## प्राविधिक सहायक सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७७/०४/२६)

उपरोक्त विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं.२०७७/७८, च.नं.२३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस धनगढीमाई नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद सेवा करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौं तह सरह | १ |

**१. आवश्यक** न्यूनतम योग्यता र अनुभवः

(क) सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाण-पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको,

(ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः

- कम्प्यूटर सम्बन्धी कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

(ग) उमेरः कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

**२. दरखास्त** दिने स्थानः धनगढीमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धनगढी, सिरहा ।

**३. दरखास्त** दिने अन्तिम मितिः २०७७ भदौ ८ गते ।

**४. आवेदन** दस्तुरः रु. ८००।-

**५. छनौटको** किसिमः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा ।

**६. आवेदन** साथ संलग्न कागजातहरुः आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरुः

- नगरिकता प्रमाण-पत्र
- न्यूनतम योग्यताको लब्धांक प्रमाण-पत्र
- चारित्रिक प्रमाण-पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

**७. सेवा सुविधाः** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपुर्ति सम्बन्धी प्रक्रियाको दफा (११),(१२) र (१३) बमोजिम हुनेछ ।

**८. पदले** सम्पादित गर्नुपर्ने कार्यविवरणः गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपुर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

**नोटः** आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।